नेपाल सरकार
# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ००९७७-१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

## प्रेस विज्ञप्ति

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले आयोजना गरेको बिशेष पत्रकार सम्मेलनमा माननीय मन्त्री आशा कोइरालाले मिति २०७४ श्रावण ११ गते मन्त्रालयको कार्यभार सम्हाले पश्चात् हालसम्म गरेका तथा आगामी दिनहरुमा प्राथमिकताका साथ गरिने कार्यहरु एवं निम्न बमोजिमको आगामी कार्ययोजनाको जानकारी गराउनु भयो ।

### कानूनी तथा नीतिगत सुधार

१. बालबालिका सम्बन्धी ऐनलाई प्रतिस्थापन गर्ने विधेयक, राष्ट्रिय महिला आयोग विधेयक,जेष्ठ नागरिक सम्बन्धी विधेयक, समाज कल्याण ऐनलाई प्रतिस्थापन गर्ने विधेयक व्यवस्थापिका संसदबाट पारित गरिनेछ । विधेयक ऐनको रुपमा कार्यान्वयन हुने बित्तिकै नियमावली तर्जुमा गरिनेछ ।

२. नेपालको संविधानको कार्यान्वयनको लागि धारा ३८(३) बमोजिम सबै प्रकारका महिला हिंसालाई कानूनी दायरामा ल्याउने र पीडितलाई क्षतिपूर्ति दिने, ३८(५) बमोजिम शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा बिशेष अधिकार सुनिश्चित गर्न केही नेपाल ऐन संशोधन गर्ने विधेयक मार्फत व्यवस्थित गरिनेछ ।

३. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार प्रवर्द्धन सम्बन्धी ऐन संसदबाट पारित भइ सकेको छ, भने नियमावली तर्जुमाको चरणमा रहेको छ ।

४. राष्ट्रिय लैंगिक नीति, बालबालिकालाई हेपाइँ अर्थात बुलिङबाट हुने मानसिक र शारीरिक क्षतिबाट बचाउन हेपाइँ (बुलिङ) विरुद्धको नीति (Anti-bullying policy) र बालबालिकालाई अनुशासनका नाममा दिइने शारीरिक तथा मानसिक सजाय वा यातना (Corporal Punishment) विरुद्धको नीति ल्याइने छ ।

५. बालबालिकाको विषय धेरै क्षेत्रसँग सम्बन्धित हुने हुँदा कुनै पनि नयाँ नीति तथा कानूनी व्यवस्था लगायतले बालबालिका माथि पार्ने प्रभावको नीतिगत लेखाजोखा गरी बालबालिकाको सर्वोत्तम हितलाई सबै तहमा ध्यान दिइने प्रणाली बसाइने छ ।

६. संघीय संरचना अनुरुप स्थानीय तहलाई अझ बढी बालसम्वेदनशिल बनाउँदै बालअधिकारको सम्मान, संरक्षण र पालनाका लागि अवधारणागत स्पष्टता सहित उचित सम्बोधन प्रक्रियाका बारेमा न्यूनतम एकरुपता कायम गर्न बालअधिकारका निम्ति स्थानीय तहको भूमिका सम्बन्धी नमुना नीति बनाई स्थानीय तहको नीतिगत व्यवस्था र क्षमता अभिवृद्धिका लागि सहजीकरण गरिनेछ ।

७. अनाथ तथा परित्यक्त बालबालिकालाई सामाजिक सुरक्षा उपलब्ध गराउनका साथै देशभित्रै पारिवारिक हेरचाह उपलब्ध गराउनका लागि आन्तरिक धर्मपुत्र धर्मपुत्री लिनेदिने प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाइने छ ।

८. बालबालिकाको पोषण तथा मानसिक स्वास्थ्य समेतलाई ध्यानमा राखी जङ्क फुडको प्रयोगलाई निरुत्साहित गर्न आवश्यक प्रक्रिया थालनी गरिने छ ।

९. बालबालिका सम्बन्धी विभिन्न समारोह गर्ने बालमैत्री स्थल, बालबालिकाको सिर्जनशीलता अभिवृद्धि गर्न सघाउने साहित्य, कला, संस्कृति, विज्ञान आदिको एकीकृत स्रोत केन्द्रहरुको स्थापनाको लागि विस्तृत अवधारणा विकास एवम् कार्यान्वयनको प्रक्रिया अघि बढाइने छ ।

नेपाल सरकार
# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ००९७७-१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

१०.एकीकृत पुनर्स्थापना केन्द्र सञ्चालनको लागि एकीकृत सेवा निर्देशिका पारित गरिनेछ। अन्तर्राष्ट्रिय सन्धि सम्झौता (CEDAW/ BPFA/ CRC) बमोजिमको राष्ट्रिय कार्ययोजना निर्माण गरिनेछन् ।

११. वाणिज्य बैंकहरूसँग सहकार्य गरी सामाजिक जवाफदेहिता अन्तर्गत गर्नुपर्ने लगानीमा महिला समूहमा कर्जा लगानी गर्न प्रोत्साहन गर्ने नीति ल्याइने छ।

## संस्थागत तथा संरचनागत सुधार

१२. सङ्घीय संरचना बमोजिम स्थापित सबै स्थानीय तहमा समाजिक व्यवस्थापन शाखा र महाशाखाको स्थापनाको लागि पहल गरिनेछ।

१३. केन्द्रमा बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकका गुनासो सुन्नका लागि सहयोगी सेवा कक्षको स्थापना गरी हेल्प लाइन सेवा सञ्चालन गरिनेछ।

१४. प्रत्येक स्थानीय तहमा महिला हिंसा र दुर्व्यवहार, बाललाबालिका विरूद्धको हिंसा, सडक बालबालिका, अपाङ्गता भएका व्यक्तिहरूको गुनासो सुन्न र अधिकारको सुनिश्चितताको लागि निर्वाचित जनप्रतिनिधि, सुरक्षा निकाय, नागरिक समाज, शिक्षक, पत्रकार सम्मिलित तत्काल उद्धार समुह (Rapid Response Team) गठन गरी उद्धार तथा संरक्षणको काम गरिनेछ।

## कार्यक्रमगत सुधार

१५. सुस्त श्रवण भएका व्यक्तिलाइ निःशुल्क श्रवणयन्त्र वितरणको व्यवस्था यस क्षेत्रमा काम गर्ने संस्थाहरू मार्फत गरिनेछ। सुस्त श्रवण भएकाहरूलाई टेलिभिजनमा समाचार हेर्नका लागि समाचारको विषय अक्षर (Caption) मा दिने प्रबन्ध गरिनेछ। बहिरा व्यक्तिहरूको सूचनाको हकलाई सुनिश्चित गर्न नेपाल टेलिकमसँग समन्वय गरी भिडियो कललाई सहजीकरण गर्न दुईजना दोभाषेको व्यवस्थापन छ महिनाभित्र गरिनेछ।

१६. सार्वजनिक यातायातमा महिला हिंसालाई शून्य बनाउन साझा यातायात लगायतका सार्वजनिक यातायातका संस्थाहरूसँग सहकार्य गरी कार्यान्वयन गरिनेछ।

१७. प्रत्येक प्रदेशमा क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरूका लागि पुनर्स्थापना केन्द्र स्थापनाको लागि सम्भाव्यता अध्ययन गरी सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाईने छ साथै विशेष स्याहार गर्नुपर्ने शारीरिक तथा मानसिक रुपमा पूर्ण असक्तहरुको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ।

१८. सार्वजनिक भवन निर्माणमा भवन संहिता कार्यान्वयन गर्न सार्वजनिक निकायहरूलाई अपांग मैत्री निर्माण नीति प्रभावकारी बनाउन मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्ने छ।

१९. सबै प्रदेशमा कम्तिमा १/१ वटा सुविधा सम्पन्न जेष्ठ नागरिक आश्रम खोलिनेछ।

२० बालविवाह मुक्त अभियानलाई देशव्यापी रूपमा सञ्चालन गरिनेछ। बालविवाह गर्ने र गराउने, बहुविवाह गर्ने र गराउनेलाई कारवाहीको दायरामा ल्याई यस्ता विवाह कानुनीरूपमा बदर हुने व्यवस्था गरिने छ।

नेपाल सरकार
# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ००९७७-१-४२००१६४ / ४२००१६८
४२०००८२ / ४२००४१३ / ४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

२१. काठमाण्डौंमा सञ्चालित सडक बालबालिकाको व्यवस्थापन कार्यलाई पोखरा, भरतपुर, विराटनगर, बुटवल लगायत देशका अन्य क्षेत्रमा विस्तार गरी **'बालबालिका सडकमा बस्नु पर्दैन, बालबालिका सडकमा बस्नु हुदैन'** भन्ने उद्घोषको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२२. सार्वजनिक स्थल, सार्वजनिक यातायात, सार्वजनिक समारोह, भोज, भौतिक संरचना लगायतका कार्यमा बालसंवेदनशिलता बढाउदै बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिई **'बालबालिका पहिला (Children First)'** भन्ने अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

२३. बालबालिका खोजतलास समन्वय केन्द्रलाई थप प्रभावकारी बनाइने छ । निशुल्क टेलिफोन नं. १०४ लाई सबै जिल्लामा विस्तार गरिनेछ ।

२४. अनाथ, असहाय बालबालिकाको संरक्षण कार्यलाई थप प्रभावकारी बनाईने छ । बालगृह, बाल सुधार गृहको अनुगमनलाई तिब्रता दिइ आवासीय बालगृहहरुको न्यूनतम मापदण्डलाई कडाइपूर्वक कार्यान्वयन गरिनेछ । आपत, जोखिममा परेका तथा दुर्व्यवहार, शोषणबाट पीडित बालबालिकाको तत्काल उद्धार एवम् मानवीय सहयोगलाई थप व्यवस्थित गरिनेछ ।

२५. ठूला निर्माण कार्य तथा परियोजना, सडक लगायतमा बालबालिकाको सुरक्षालाई प्राथमिकतामा राखी दुर्घटना हुने अवस्था आउन नदिन अनिवार्यरुपमा विशेष सावधानी अपनाउनु पर्ने व्यवस्था कडाइका साथ लागू गरिनेछ ।

२६. सार्वजनिक स्थलमा हुने लैंगिक हिंसा न्यूनीकरणको लागि सूचक निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । अन्धविश्वास, सामाजिक कुरीति हटाउन सामाजिक जागरण सहित लैंगिक हिंसा न्यूनीकरण अभियानलाई देशव्यापी बनाईने छ ।

२७. बोक्सी भनी दुर्व्यवहार गरेको जानकारी पाएमा तत्कालै उद्दार गरी पीडकलाई तत्कालै कारवाहीको दायरामा ल्याईने छ ।

२८. विवाहमा दाईजो लिने र दिने दुबैलाई सामाजिक बहिष्कार र कानुनी कारवाही गरिनेछ । प्रत्येक प्रदेशमा हिंसा, वेचबिखन र ओसारपसार, दुर्व्यवहारबाट पीडित व्यक्तिको सरक्षणका लागि एकीकृत पुनर्स्थापना केन्द्रको भवन निर्माण गरिने छ । पुनर्स्थापना केन्द्रमा आश्रित व्यक्तिहरुको सीप तथा क्षमता विकास गरी आयआर्जन तथा रोजगारीको सुनिश्चितता गर्दै पारिवारिक पुनर्स्थापनामा जोड दिईनेछ ।

२९. राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत आर्थिक सबलीकरणको कार्यक्रमलाई देशव्यापी बनाईने छ ।

३०. कार्यस्थलमा हुने यौनजन्य हिंसा लगायत विभिन्न क्षेत्र (विज्ञापन, Reality show) आदिमा हुने हिंसा रोकथाम गर्नको लागि आचार संहिता बनाई कार्यान्वयनमा ल्याईने छ ।

३१. छाउपडी, कमलरी प्रथा लगायतका सामाजिक कुरीति अन्त्य गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

नेपाल सरकार
# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ००९७७-१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

३२. स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरूको, नेतृत्व विकास, प्रशासनिक क्षमता विकास, लैङ्गिक समानता र सशक्तीकरण विषयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

३३. उद्योग, कलकारखाना, निर्माण क्षेत्र लगायतका श्रमको क्षेत्रमा विद्यमान असमान ज्याला हटाउन समन्वयात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. महिला सहभागिता बढाउन एवं उत्पादकत्व वृद्धिको लागि कार्यस्थलमा नै शिशु स्याहार केन्द्र खोल्न प्रोत्साहित गरिनेछ ।

३५. यौनिक अल्पसंख्यकहरुको हित प्रवर्द्धनको लागि सञ्चालित कार्यक्रमको निरन्तरता दिइनेछ । सम्वन्धित गै.स.स.हरु सँगको सहकार्यमा थप कार्यक्रम सञ्चालन गरिने छ ।

३६. सामाजिक सेवामा कार्य गर्ने विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्था मार्फत देशभित्र खर्च गर्नको लागि परियोजना सम्झौतामा उल्लेख भएको रकममध्ये गाउँपालिकामा खर्च हुनेमा ३% र अन्य क्षेत्रमा खर्च गर्न छुट्याइएको रकमको ५% कट्टा गरी छुट्टै कोष स्थापना गरिनेछ । यसरी कोषमा जम्मा भएको रकम महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत समाज कल्याणको क्षेत्रमा खर्च गरिनेछ ।

३७. समाज कल्याण परिषद अन्तर्गतका मौजुदा निर्देशिकाहरुलाई समयसापेक्ष परिमार्जन गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको कार्यसम्पादनको अनुगमन मूल्याङ्कनलाई तिव्रता दिइनेछ ।

मितिः २०७४ श्रावण २७ गते

तोयम राया
सहसचिव/प्रवक्ता